# फेवातालमा १२ हजार माछाका भुरा छाडियो

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर



विश्व मत्स्य दिवसका अवसरमा मंगलबार पोखराको पर्यटकीय गन्तव्य समेत रहेको फेवातालमा माछाका भुरा छाडिएको छ।

मत्स्य विकास केन्द्र मिर्मि स्याङ्जाले फेवातालमा स्थानीय जात नैनी, सहर लगायतका ६० ग्राम तौल माथिका १२ हजार माछाका भुरा छाडेको हो।

फेवातालको प्राकृतिक सन्तुलन कामय गर्न र मुख्यगरी जलारी समुदायको आयआर्जनमा सघाउ पुऱ्याउदै उद्धेश्यले तालमा भुरा छाडिएको मत्स्य विकास केन्द्रका प्रमुख रविनसन अधिकारीले बताउनुभयो । वातावरण र जैविक विविधताको संरक्षण गर्दै दिगो रुपमा मत्स्य क्रियाकलापलाई प्राथमिकतामा राखेर केन्द्रले काम गर्दै आएको उहाँले बताउनुभयो । अधिकारीले गण्डकी प्रदेशमा वार्षिक दुई हजार मेट्रिकटन माछा उत्पादन हुने गरेको जानकारी दिनुभयो । नेपालमा विभिन्न दुई सय ५२ जातका माछाका प्रजाति पाइने गरेकामा दुई सय ३६ जात यहीकै रैथाने रहेको बताइन्छ । नेपालमा मात्र पाइने १६ जात रहेको अधिकारीले बताउनुभयो । कार्यक्रममा गण्डकी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयका सचिव सहदेवप्रसाद हुमागाईले गण्डकी प्रदेशमा मत्स्य पालनको राम्रो सम्भावना रहेको बताउनुभयो । उहाँका प्राकृतिक जलाशय तथा नदीनालाहरुमा माछापालन गरी राम्रो आयआर्जन गर्न सकिने उहाँले बताउनुभयो । सचिव हुमागाईले भन्नुभयो,“ हाम्रो प्रदेशमा प्रशस्त प्राकृतिक जलाशय तथा नदीनालाहरु रहेकाले माछापानलको राम्रो सम्भावना छन् । माछा गण्डकी प्रदेश बाहिर पनि निर्यात गर्न सकिने र प्रशस्त आयआर्जनको सम्भावना रहेपनि राम्रोसँग काम गर्न सकेका छैनौं । अब हाम्रा निकायहरुले प्रदेश र स्थानीय सरकारले मत्स्य विकास रणनीति बनाएर सोही अनुसार कार्यनीतिसहित अघि बढ्नु आवश्यक छ।” पशुपन्क्षी तथा मत्स्य विकास निर्देशनालयका निमित्त महानिर्देशक डा बालकुमार श्रेष्ठले मत्स्य विकासका लागि माछापालक कृषक तथा जलारी समुदायलाई सहयोग गर्दै आएको बताउनुभयो । फेवातालको माछा संरक्षण र ब्राण्डिङ गर्नसके तालमा आश्रित जलारी समुदायको जीवन आर्थिक रुपमा सवल हुने श्रेष्ठले बताउनुभयो। श्रेष्ठले भन्नुभयो,“ फेवातालमा विभिन्न फरकफरक प्रकृतिका माछालाई व्यवसायिकरुपमा पालन गर्नसकेको अवस्थामा पर्यटकका लागि समेत थप आकर्षण बन्न सक्दछ। मत्स्य पालन र यसको बजारीकरणमा हामी सहयोग गर्न तयार छौं।”

पशु सेवा तालिम केन्द्र कास्कीका प्रमुख डा ग्रिष्म न्यौपानले स्थानीय माछा संरक्षण सम्बन्धी कार्यहरुलाई प्राथमिकता नदिएको खण्डमा प्राकृतिक जलाशयहरुमा पाइने स्थानीय माछा लगायत जलीय जीवहरु लोप हुन सक्ने बताउनुभयो।

हर्पन फेवा मत्स्य सहकारीका अध्यक्ष सोमबहादर पोडे विगतमा रैथाने माछा पाइने गरेपनि अहिले फेवातालमा स्थानीय माछा हराइरहेको बताउनुभयो । तालमा माछा उत्पादन घट्दै जाँदा जलारी समुदायलाई परिवार पाल्न समेत मुस्किल पर्दै गएको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो,“बाढी, पहिरो लगायतका कारणबाट माछालाई हानी पुगेको छ। तालमा माछा घ्टदै गएको छ। माछापालनका लागि केज अभाव छ। सरकारले जलारी समुदायलाई सहयोग नगर्ने हो भने विस्थापित हुनुपर्ने बाध्यता छ ।” कार्यक्रममा पोखरा महानगर कृषि तथा आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरिया, पशुपन्क्षी तथा मत्स्य विकास निर्देशनालयका प्राविधिक अधिकृत सुरेशकुमार श्रेष्ठ लगायतले जलिय जीव संरक्षणका लागि तालमा माछाको भुरा छाड्ने, जनचेतना जगाउने, अव्यवस्थित माछा मार्न रोक्ने तथा नियमन गर्ने र आश्रीत समुदायलाई जलिय जीव संरक्षण गर्न प्रमुख जिम्मेवार बनाउनुपर्ने बताउनुभएको थियो।



हिमालमा दाउराः कास्कीको मादी गाउँपालिका-१ स्थित तीन हजार ८५० मिटर अग्लो कोरी पहाडको एक होटलमा जोहो गरिएको दाउरा। पछिल्लो समय सिक्लेस हुँदै पुग्ने आन्तरिक पर्यटकको घुइँचो लाग्ने गरेको यो पहाडमा सवारीसाधन र बिजुली पुग्न नसकेकाले इन्धनको मुख्य स्रोत दाउर ा नै हो।
तस्बिर : एकराज पाठक/रासस

# कृषिमा आत्मनिर्भर हुन लगानी बढाऔं - जिसस कास्की प्रमुख पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर



जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले कृषिको व्यवसायिकिकरण र उत्पादनमा गण्डकीलाई आत्मनिर्भर बनाउनका लागि कृषिमा लगानी बढाउनुपर्ने बताउनु भएको छ।

कृषिको यान्त्रिकिकरण सहितको आधुनिक प्रबिधिलाई थप प्रभाबकारी कार्यक्रम सहित पुनः संरचनाको जरुरी रहेको हुँदा स्थानीय तह सहित प्रदेश सरकार र संघ सरकारले अधिक बजेट कृषी क्षेत्रमा छुट्टाउनुपर्ने बताउनुभयो । प्रमुख पौडेलले सो कुरा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाइ कास्कीको आयोजनामा संचालित आर्थिक बर्ष २०८०/८१ को गण्डकी प्रदेशस्तरिय पहिलो त्रैमासिक प्रगति समिक्षा गोष्ठीको उद्घाटन गर्दै बताउनु भएको हो।

कृषिको बजेट बर्सेनि घट्नु दुःखद भएको भन्दै ब्यबसायिक कृषीको बिकासको बिषयलाई विशेष प्राथमिकता दिनुपर्ने उहाँको जोड छ। पौडेलले कृषि पेशा प्रती आकर्षण बढ्ने नीति कार्यक्रम तय गर्न र अनुदानमुलक कार्यक्रम प्रभाबकारी बनाउनु पर्ने भन्दै श्रमप्रतिको सम्मान जगाउने गरि काम गर्न आग्रह गर्नुभयो।

सरकारी कार्यालयहरूले आफ्ना कार्यक्रम प्रभाबकारी बनाउन योजना र कार्यतालिका निर्माण गर्न आग्रह गर्नुभयो। कुनै दबाब र रबाफको प्रभावमा नपरी जनप्रतिनिधि, राष्टसेवक, कर्मचारी सबै सरोकारवालाहरूले काम गरे मात्रै हामीले चाहेको बिकास र समृद्धिको सपना सार्थक हुने उहाँको कथन।

समिक्षा कार्यक्रममा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाइ अन्तर्गत गण्डकी प्रदेशका ११ जिल्लाका प्रमुख तथा प्रतिनिधिले आफ्नो त्रैमासिक प्रगति प्रतिबेदन प्रस्तुत गर्दै बिद्यमान समस्या र निराकरण सम्बन्धमा जानकारी गराउनु भएको थियो।

कार्यक्रममा कृषि निर्देशनालय गण्डकीका निर्देशक बासुदेब रेग्मी, कास्कीका जिल्ला समन्वय अधिकारी नबराज बराल, मन्त्रालयको तर्फबाट माधब पौडेल, तरकारी सुपर जोन संचालक समन्वय समिति संयोजक कृष्ण प्रसाद तिवारी ,प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन इकाइ कास्कीका प्रमुख रोशन अधिकारी , सोही कार्यालयका बागबानी बिज्ञ मनोज ढकाल, सामाजिक बिकास बिज्ञ गोबिन्द श्रेष्ठ लगायतले प्रस्तुत समिक्षा उपर टिप्पणी प्रस्तुत गर्नुभएको थियो।

# पोखरा महोत्सवलाई गण्डकी प्रज्ञा प्रतिष्ठानको साथ

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर

युनाइटेड क्लबको आयोजनामा हुने १२ औं संस्करणको पोखरा महोत्सवलाई गण्डकी प्रज्ञा प्रतिष्ठानले सहयोग गर्ने भएको छ।

आगामी पुषको अन्तिम साता पोखराको अमरसिंह चौरमा आयोजना हुने १२ औं संस्करणको पोखरा महोत्सवमा आयोजना हुने विद्यालय स्तरीय सामुहिक लोकनृत्य प्रतियोगितालाई सहयोग गर्ने भएको हो । बुधवार एक कार्यक्रमका बीच युनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठ, क्लबका संस्थापक अध्यक्ष हिमालय बख्वेल र गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति गोरे गुरुङ र सदस्य सचिव मनकुमार श्रेष्ठ बीच १२ औं पोखरा महोत्सवमा आयोजना हुने विद्यालय स्तरीय सामुहिक लोकनृत्य प्रतियोगितालाई सहयोग गर्ने गरी सहमति पत्रमा हस्ताक्षर भएको छ । सो अवसरमा वोल्दै गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति गोरे गुरुङले युनाइटेड क्लब आफैमा प्रतिष्ठित क्लब रहेको र युनाइटेड क्लबले सामाजिक काम सगै लोक संस्कृतिको उजागर गर्ने गरी पोखरा महोत्सवमा विद्यालय स्तरिय लोकनृत्य प्रतियोगिता गर्दै आएकोमा १२ औं संस्करणको पोखरा महोत्सवमा सहकार्य गर्न पाउदा खुसी लागेको वताए। त्यस्तै युनाइटेड क्लबका संस्थापक अध्यक्ष हिमालय बख्वेलले युनाइटेड क्लबले सामाजिक काम सगै महोत्सवमा आयोजना गरिने विद्यालय स्तरिय लोक नृत्य प्रतियोगिताको माध्यामबाट विद्यार्थीहरुलाई लोक संस्कृतिको बारेमा समेत जानकारी गराउने कार्य गर्दै आइरहदा गण्डकी प्रज्ञा प्रतिष्ठान संग सहकार्य गर्न पाउदा खुसी लागेको वताए। युनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठले एघारौं पोखरा महोत्सवदेखीनै गण्डकी प्रज्ञा प्रतिष्ठान संग सहकार्य गर्दै आइरहदा १२ औं संस्करणबाट महोत्सवमा आयोजना गरिने सामुहिक लोकनृत्य प्रतियोगिताको सम्पूर्ण जिम्मेवारी सहित गण्डकी प्रज्ञा प्रतिष्ठान संग सहकार्य गर्न पाउदा खुसी लागेको वताए।

# होटलमा महिला मृत अबस्थामा भेटियो

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर

पोखराको होटलमा एक महिला मृत अबस्थामा भेटिएकी छन्। पोखरा ८ नागढुङ्गाको शिला रेष्टुरेण्टमा बिगत २ बर्ष अगाडि देखि काम गर्दै आएकी ३८ बर्षीया सुकु बि.क.को नागढुङ्गाकै युनिक होटलमा मृत अबस्थामा भेटिएको प्रहरीले जनाएको छ।

होटलकी साहुनीले तनहुँ भिमाद घर भई की हाल पोखरा बस्दै आएकी बि.क. होटलको रुममा अचेत अबस्थामा देखे पछि मंगलबार नै चरक मेमोरियल अस्पतालमा पुर् याए लगत्तै बेलुका ७:२० बजे चिकित्सकले चेकजाँच गर्ने क्रममा मृत्यु घोषणा गरेको अस्पताल श्रोतले जनाएको छ । उनको मृत्यु शंकास्पद भएकोले गर्दा हाल हाल उनको शव पोष्टमाटमको लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान( पश्चिम क्षेत्रिय अस्पताल) पोखरामा राखिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी प्रवक्ता डिएसपी श्रवण कुमार बि.क.ले बताए । होटल संचालक देखि उक्त घटनामा शंकास्पद रहेका केही व्यक्तिहरुसंग सोधपुछ सहित अनुसन्धान अघि बढेको प्रहरीले जनाएको छ । उक्त घटना शंकास्पद भएकोले घटनामा संलग्न हुने जो कोही पनि प्रहरीले नछाड्ने उनले दाबी गरे । दोषीलाई ढिलो चाढो कानूनि कठघरामा ल्याउने डिएसपी बि.क.ले बताउनु भयो । सुकु बि.क.को केही चोट सहित मुखमा रगत समेत आएको अबस्थामा भेटिएको उनका आफन्तले बताउनु भयो। पोखराका होटललाई अपराधिक गतिविधिको थलो नवनाउन प्रहरीले पटक पटक चेतावनी दिदै आएको अबस्थामा यस्ता घटना हुनुले प्रहरीलाई थप शान्ति सुरक्षामा चुनौती थपिएको छ भने अन्य व्यक्तिहरुमा समेत घटनाको सत्यतथ्य बाहिर सार्वजनिक गरी दोषी उपर कडा कारवाही हुनुपर्ने स्थानियको माग रहेको छ।

## उद्घाटन ...


टि-ट्वान्टी उक्त प्रतियोगिताको म्यान म्यान अफ द सिरिजले नगद ३० हजार रूपैयां, बेस्ट व्यटार र बलरले जनही नगद २०/२० हजार रूपैयाँ र म्यान अफ द म्याचले नगद ५ हजार रूपैयाँ प्राप्त गर्ने भएका छन् । यही मंसिर १५ गतेसम्म संचालन हुने उक्त प्रतियोगिता सम्पन्न गर्न करिब ७७ लाख खर्च लाग्ने एकेडेमीले जनाएको छ। 'सबैका लागि खेलकुद' भन्ने मुल नाराका साथ २०६६ साल पुस १७ अर्थात १ जनवरी २०१० मा जननेता मदन कुमार भण्डारीको नामबाट मदन भण्डारी स्पोटर्स एकेडेमीको स्थापना भएको हो। हरेक युवालाई खेलकुदसँग अन्तरसम्बन्धित गराई राष्ट्र्व्यापी रूपमा व्यवसायिक खेलाडी उत्पादन गरी अनुशाशित, मर्यादित र राष्ट्रप्रेमी नागरिक बनाउने लक्ष्य अनुरूप यसले आफ्ना सिर्जनात्मक गतिविधिहरु अगाडि बढाउनदै आएको एकेडेमीका सल्लाहकार मोहन रेग्मीले बताउनु भयो।


कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोंपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# एमालेको मध्यपहाडी लोकमार्ग केन्द्रीत अभियान

नेकपा एमालेले मंसिर १४ गतेदेखि मध्यपहाडी लोकमार्ग केन्द्रित विशेष अभियान चलाउने भएको छ। सुदुर पश्चिमको बैतडीको भुलाघाटदेखि पूर्वको पाँचथरको चिवाभञ्ज्याङसम्म समृद्धिका लागि संकल्प यात्रा नाम दिएर अभियान चलाउनेछ । एमाले केन्द्रीय कमिटीको बैठकले संकल्प यात्रा पन्ध्र दिनसम्म संचालन हुनेछ । पार्टी केन्द्रीय कार्यालय च्यासलमा बुधबार बसेको एमाले केन्द्रीय कमिटी बैठकले संकल्प यात्राको विस्तृत कार्ययोजना पारित गरेको छ । सामाजिक सद्भाव र राष्ट्रिय एकताको प्रवर्द्धनका लागि एमालेले मंसिर १४ गतेदेखि सो अभियान थाल्दैछ । पारित कार्ययोजना अनुसार संकल्प यात्राको अगुवाई र नेतृत्व पार्टी अध्यक्ष केपी शर्मा ओलीले गर्नेछन भने केन्द्रीय पदाधिकारीसहितका नेता-कार्यकर्ता अभियानमा सहभागी हुनेछन् । 'भुलाघाट-चिवाभञ्ज्याङ समृद्धिका लागि संकल्पयात्रा' नाम दिइएको उक्त कार्यक्रमको अध्यक्ष ओलीले बैतडीको भुलाघाटमा राष्ट्रिय झण्डा झण्डोतोलन गरेर उद्घाटन गर्नु कार्यक्रम छ। संकल्पयात्रा पाँचथरको चिवाभञ्ज्याङ पुगेर समापन हुनेछ ।

संकल्पयात्रा तीन सातापछि पाँचथरको चिवाभञ्ज्याङ पुगेर समापन हुनेछ । अभियानले पहाडी क्षेत्रका जनतासँग जोडिने एमालेको अपेक्षा छ । राष्ट्रियता खतरामा परेको, अनुचित काम र क्रियाकलापले ठाउँ पाएकाले जनतालाई सचेत बनाउन अभियान चलाउन लागिएको एमालेको दावी छ । 'गठबन्धन सरकारका कारण धेरै अनुचित कुराहरूले स्थान पायो, बेठीक नीतिहरूले बढी स्थान पाए, अब शक्ति स्वार्थहरूबाट सतर्क हुन ढिलाइ गर्नुहुँदैन, त्यसैले जनतालाई सतर्क बनाउन, जागृत गर्न चिवाभञ्ज्याङदेखि भुलाघाटसम्म अभियान चलाउन लागिएको एमालेको भनाई छ। एमालेले यसअघि तराई मधेश केन्द्रीत गरेर मेची महाकाली अभियान संचालन गरेको थियो ।

नेकपा एमालेले नेपालको पहाडी भूभाग र त्यहाँका बासिन्दाको आर्थिक विकास र समृद्धि कसरी गर्न सकिन्छ भन्ने अभियानबाट जवाफ खोज्ने भएको छ । एमालेले सङ्कल्प यात्राका लागि पहाडी भूभाग रोज्नुमा जटिल भौगोलिक संरचना, छरिएका बस्तीहरू, प्राकृतिक विपत्तिको उच्च जोखिम, वन्य जन्तुहरूका कारण कृषि उत्पादनमा ह्रास तथा जलवायु सङ्कट पहाडको विकासका मुख्य चुनौतीका रूपमा देखिएकाले जनाएको छ ।

एमालेले पहाडी क्षेत्रको विकासका लागि रणनीतिक महत्वका पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य र खानेपानी संरचना एवं विद्युतीकरणलगायत महत्वपूर्ण योजना अगाडि बढाउँदै आएको छाउष्पलाल मध्य पहाडी लोक मार्ग र यसमा निर्माणाधीन दसवटा सहरहरू यसका दृष्टान्तहरू हुन् । आज पहाड पूर्वाधार, विद्युतीकरण, खानेपानी र स्वास्थ्य तथा शिक्षामा पहुँचका दृष्टिले उल्लेख्य ढङ्गले रूपान्तरित हुँदै आएको छ ।' तीव्र बसाइसराइ पहाडको मुख्य समस्या बन्न देखिन्छ । 'एकातिर विकासका योजनाहरू पहाड चढ्दै जाने, अर्कातिर पहाडबाट जनसङ्ख्याको ठुलो हिस्सा तराई, सहर हुँदै बिदेशिँदै जाने चुनौती अर्थ-राजनीतिको सर्वाधिक जटिल प्रश्न भएको एमालेको बुझाई भएर अभियान चलाएको छ। अभियानका क्रममा पूर्वाधार र उत्पादनको विषय, हाम्रो विकास र पूर्वाधार निर्माणको ढाँचा र यसको समाधान कसरी गर्न सकिन्छ ? भनेर जवाफ खोज्ने जनाएको छ । 'र, पहाडलाई विकास र समृद्धिको नमुना कसरी बनाउन सकिन्छ ? यस अभियानमार्फत हामी जवाफ खोज्ने कोसिस गर्नेछ ।

अभियानका क्रममा जनसभा, जनभेला तथा भेटघाटहरू, कलेज तथा विद्यालयका विद्यार्थीहरूसँग छलफल, किसानहरूसँग अन्तरक्रिया, कृषि वैज्ञानिकहरूसँग संवाद, विकास कार्यहरूको अवलोकन र नमुना काम गरिरहेका उद्यमीहरूसँग भेटघाट, ऐतिहासिक, धार्मिक र सांस्कृतिक स्थलहरूको अवलोकन, जनताका अनुभूति, गुनासा र सुझावहरूको सङ्कलन गर्ने एमालेले जनाएको छ । अभियानले सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई बलियो बनाउन योगदान दिन सकेमा 'लोकतान्त्रिक गणतन्त्र, नेपालको संविधान र हाम्रा यावत् उपलब्धिलाई अवमूल्यन गर्दै समाजमा निर्माण गर्न खोजिएको नकारात्मक मनोविज्ञान र नैराश्यको अवस्थालाई अन्त्य गरेर मुलुक बन्छ, बन्दै छ भन्ने दह्रो आत्मविश्वास निर्माण गर्नु पर्दछ ।

# चाडपर्व पछि सुनसान भए गाउँबस्ती

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ मंसिर

हेमन्त ऋतुको सुरुआतसँगै आकाश छ्याङ्गै उघ्रिएको छ । पाहारिलो घामको स्पर्शले कलकलाउँदो प्रकृतिमा नयाँ रौनक थपिएको छ । उत्तरपट्टि सेता हिमाल अत्यन्त मनमोहक देखिन थालेका छन् । पर्यटकीयस्थलमा पर्यटकहरु रमाइहेका भए पनि म्याग्दीका गाउँबस्तीहरु भने सुनसान भएका छन् ।

दसैं-तिहारजस्ता चाडपर्व मनाउन लामो बिदामा गाउँ आएकाहरु आ-आफ्नो कार्यक्षेत्रतिर फर्किएपछि गाउँबस्ती सुनसान देखिएका हुन् । अध्ययन, रोजगार तथा विभिन्न कामले बजार क्षेत्रमा बस्दै आएका दसैं-तिहार मनाउन गाउँ आएका थिए । चाडपर्व सकिएलगत्तै गाउँ आएका धमाधम बजार झर्न थालेपछि गाउँ सुनसान बन्न थालेका मङ्गला गाउँपालिका-५ छिसबाङका विकल सेनले बताउनुभयो ।

"केही दिन गाउँघरमा निकै रमाइलो भयो । देश विदेशमा रहेका आफन्तहरुसँग भेटघाट, रमाइलोले दिनहरु बितेको पत्तै भएन," उहाँले भन्नुभयो, "चाडपर्व सकिएसँगै गाउँ आएकाहरु आ-आफ्नो कार्यक्षेत्रमा फर्किन थाले । हेदहिर्दै त्यति रमाइलो गाउँ फेरि सुनसान र विरक्तलाग्दो हुन थालेको छ ।"

म्याग्दीका छ वटै स्थानीय तहका ग्रामीण क्षेत्रमा धान, कोदो थन्काएर गहुँ छर्ने, आलु रोप्ने याम सुरु भएको छ । अहिले गाउँमा मानिसहरु अत्यन्त कम छन् । कृषिमा जनशक्तिको अभाव भएपछि जमिन बाँझै राख्न किसान बाध्य छन् । मालिका गाउँपालिका-६ की देवी घर्तीले भन्नुभयो, "दसैं-तिहारको बेला गाउँमा जत्तिको रमाइलो कहीं भएन । चाडपर्व सकिएसँगै गाउँ खाली हुन थालेको छ । अहिले गाउँमा युवा पुस्तालाई देख्नै मुस्किल पर्छ । बूढाबूढी र विद्यालय जाने उमेरका बालबालिकाबाहेक अरू गाउँमा देखिँदैनन् ।"

"यहाँका ग्रामीण क्षेत्रका अधिकांश मानिस, पोखरा, काठमाडौँ, बुटवल, चितवन, बेनीलगायत ठूला सहरमा बसाइँसराइ गरेर गएका छन् । युवाहरु विदेश छन् । हिजोआज गाउँमा बस्नेको सङ्ख्या निकै कम हुँदै गएको छ", मालिका गाउँपालिकाका योजना अधिकृत सोमबहादुर केसीले भन्नुभयो । अहिले सहरको सेवा सुविधा बिस्तारै गाउँमा पनि पुग्न थालेको छ । सबै गाउँमा यातायातको पहुँच छ । शिक्षा, स्वास्थ्य र सञ्चारको पनि राम्रो सुविधा गाउँमा भए पनि युवा पुस्ता सहर केन्द्रित हुन थालेपछि विकास र सुविधाको उपयोग गर्नेहरुसमेत नपाइने अवस्था उत्पन्न हुन थालेको मालिका-२ की मीना पुनले बताउनुभयो । "गाउँमा पुगेको सेवासुविधाभन्दा थप सेवासुविधा खोज्दै अधिकांश बजार झर्दा गाउँमा बूढापाका र बालबालिका मात्रै छन्", उहाँले भन्नुभयो, "बिस्तारै गाउँ रित्तिँदै जान थालेको छ । दसैं-तिहार जस्ता ठूला चाडपर्वमा केही दिन रमाइलो हुन्छ, त्यसपछि फेरि गाउँबस्ती सुनसान हुन थालेका छन् ।"

चाडपर्वले अपनत्वको बोध गराउने हुँदा सबै मानिसहरु आफ्नै जस्ता लाग्ने पुनको भनाइ थियो । वर्षौंदेखि टाढा रहेका आफन्तसँगको मिलन निकै रमाइलो हुने उहाँले बताउनुभयो ।

"दसैंको फूलपातीको दिनदेखि तिहारको भोलिपल्टसम्म गाउँघरमा जता गए पनि आफन्त भेटिन्थे । तिहार सकिएपछि वरपरका छरछिमेकी सबै बजार झरे, दसैं-तिहार मनाउन विदेशबाट बिदा लिएर आएकाहरु पनि फर्किए । त्यसपछि गाउँबस्ती सुनसान हुन थालेको छ", दरबाङका मीन सुनारले भन्नुभयो ।

पश्चिम म्याग्दीका धेरै जसो ठाउँबाट सहर र तराई झर्नेको सङ्ख्या धेरै रहेको स्थानीय स्थानीय रणबहादुर सिउथानीले बताउनुभयो । "बसाइँसराइ गरेर तराई झरेकाहरु दसैं-तिहार र कूल पूजाका लागि गाउँ उक्लिने गर्छन्", उहाँले भन्नुभयो, "दसैं-तिहारभरि गाउँमा चहलपहल भए पनि अहिले घरहरु खाली हुँदै गएका छन् ।" गाउँमा रोजगारको राम्रो अवसर र सेवासुविधा नहुँदा धेरैले सहर बजार र सुविधा सम्पन्न ठाउँ खोज्ने सिउथानीको भनाइ छ ।

एक दशक अगाडिसम्म मालिका-५ देवीस्थान गाउँमा खेतीपाती गरेरै जीवन निर्वाह गर्ने धेरै हुने गरेका भन्दै अचेल हुने खानेहरु सबै बजार झर्न थालेका देवीस्थानका पदम बुढाले बताउनुभयो । धेरैको रोजाइ सहर हुँदा गाउँका खेतीयोग्य जमिन वनमारामा परिणत हुँदै गएको भन्दै उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

# धार्मिक पर्यटक भित्र्याउन मनकामनामा त्रिवेणी मेला

**पोखरापत्र संवाददाता**
गोरखा, ६ मंसिर

धार्मिक पर्यटक भित्र्याउने उद्देश्यसहित गोरखाको सहिद लखन गाउँपालिका-३, मनकामनामा रहेको त्रिवेणी भगवतीको मन्दिर परिसरमा आज साँझदेखि त्रिवेणी मेला लाग्ने भएको छ। हरिबोधनी एकादशी(ठूलो एकादशी) पर्वको अवसरमा मन्दिर परिसरमा त्रिवेणी मेला आयोजना हुँदै आएको छ।

स्थानीय कालिका युवा क्लबको आयोजनामा आज साँझदेखि भोलि (बिहीबार) बिहानसम्म मेलाआयोजना गरिने क्लबका अध्यक्ष बाबु गुरुङले जानकारी दिनुभयो । स्थानीय धार्मिक तथा पर्यटकीय क्षेत्रको रूपमा रहेको त्रिवेणी भगवतीको प्रचारप्रसारका लागि मेलाले सहयोग पुग्ने विश्वास लिइएको उहाँले बताउनुभयो । मेलामा विविध सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिएको अध्यक्ष गुरुङको भनाइ थियो । मेलामा चर्चित लोकदोहोरी गायक पृथ्वी गुरुङ, श्याम राना, सुजन गुरुङ चर्चित लोक तथा दोहोरी गायिका निर्जला गुरुङलगायत अन्य स्थानीय कलाकारको साङ्गीतिक प्रस्तुति रहने जनाइएको छ । सोही अवसरमा भगवती मन्दिरमा विशेष पूजा गरी मेला समापन हुने बताइएको छ । उक्त मन्दिरमा हरेक वर्षको ठूलो एकादशीको अवसर पारेर भव्य मेला लाग्ने गर्दछ । प्रसिद्ध मनकामना देवीको सात दिदीबहिनीमध्ये त्रिवेणी भगवती कान्छी बहिनी रहेको जनविश्वास रहँदै आएको छ। त्रिवेणी भगवतीलाई जल अर्पण गरेपछि मात्र मनकामना देवीको पूजाको पूर्णता हुने धार्मिक विश्वास रहेको छ ।

# भिसी तुलबहादुरको स्मृतिमा संग्रहालय बनाइने

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ मंसिर

बेलायत सरकारबाट उच्च सैनिक सम्मान भिक्टोरिया क्रस (भिसी) प्राप्त गर्नुभएका स्वर्गीय तुलबहादुर पुनको स्मृतिमा सङ्ग्रहालय बनाउने तयारी भएको छ । पुनको जन्मथलो म्याग्दीको रघुगङ्गा गाउँपालिका-१ को तिप्ल्याङमा सङ्ग्रहालय बनाउन उहाँका परिवारले जग्गा उपलब्ध गराउनुभएको हो ।

तुलबहादुरका छोरा अर्जुन तिलिजालगायत परिवारका सदस्यले तिप्ल्याङमा उपलब्ध गराइएको चार आना जग्गामा सङ्ग्रहालय बनाउन विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारिएको रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो । "बेनी-जोमसोम सडककोछेउमैरहेकोजग्गामाभिसी तुलबहादुरको जीवन झल्काउने तस्बिरका साथै गाउँपालिका र म्याग्दीको ऐतिहासिक, मौलिक, सांस्कृतिक र दैनिक जीवनयापनमा प्रयोग हुने सामग्री सङ्कलन गरेर राख्ने तयारी गरेका छौँ", उहाँले भन्नुभयो, "यस कार्यसँगै पर्यटक भित्र्याउने लक्ष्य राखिएको छ । सङ्ग्रहालयको संरचना बनाउन लगानी खोजीमा छौँ ।"

दोस्रो विश्वयुद्धमा युद्धकला प्रदर्शन गरेबापत बेलायत सरकारले पुनलाई सर्वोच्च युद्ध पदक भिक्टोरिया क्रसको सम्मान प्रदान गरेको थियो । तिप्ल्याङको नजिकै बादुकस्थित तुलबहादुरको जन्म घरलाई पनि संरक्षण गरेर राखिएको रघुगङ्गा-१ का वडा सदस्य बलमान गौचनले बताउनुभयो । "जन्मस्थानको अवलोकन/भ्रमण गराउन र भिसीका कथा सुनाउन स्थानीय पथप्रदर्शकलाई उचित सीप र भाषामूलक तालिम सञ्चालन गर्ने योजना बनाएका छौँ," उहाँले भन्नुभयो, "बादुकको कृष्ण आधारभूत विद्यालय र तिप्ल्याङमा तत्कालीन कालिका माविको संस्थापकसमेत रहेका पुनले गाउँको विकासमा समेत ठूलो योगदान पुऱ्याउनुभएको थियो ।" मगर कलासंस्कृति, बेगसँग जोडिएको दोस्रो अग्लो र लामो झोलुङ्गे पुल भएको बादुक गाउँमा स्वः पुन नाममा सङ्ग्रहालय निर्माण गर्न सकेमा आन्तरिकसँगै बाह्य र अध्ययनका लागिसमेत पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सकिने वडाध्यक्ष बिलबहादुर फगामीले बताउनुभयो । भिसी पुनको समाधीस्थलमा स्थानीयवासीले संरक्षण गरी पुन्यतिथिमा श्रद्धाञ्जलिसभा गर्ने गरेका छन् । बेलायती गोर्खा सैनिकको सेवाबाट अवकाश पाएसँगै पुन आफ्नै गाउँ फर्किएर गोरखा वेलफेयर ट्रस्टमार्फत विभिन्न सामाजिक गतिविधिमा सक्रिय हुनुभएको थियो । विसं १९७९ फागुन २१ (४ मार्च १९२३) मा बाँदुकमा जन्मिएका तुलबहादुरको ८९ वर्षको उमेरमा विसं २०६८ मा तिप्ल्याङमा निधन भएको थियो ।

तुलबहादुरको सम्मानमा तिप्ल्याङदेखि बाँदुक गाउँ जोड्ने सडकलाई भिसी मार्ग नामकरण गरिएको छ । भिसी सौर्य पदक मुलतः शत्रु पक्षको उपस्थितिमा आफ्नो राष्ट्रको लागि अद्धितिय पराक्रम र निष्ठा युद्धभूमिमा प्रदर्शन गरे बापत बेलायत सरकारले प्रदान गर्ने व्यक्तिगत अदम्य साहस र उच्चतम बहादुरीको प्रतीक हो । बेलायतको एक रेल सेवाले स्व तुलबहादुर पुनको सम्मानमा रेल सेवाको नामकरण समेत गरेको छ। पुनले भिक्टोरिया क्रस पाउँदा २१ वर्षका हुनुहुन्थ्यो ।

# जिपी कोइराला श्वासप्रश्वास केन्द्रमा डायलासिस सेन्टर

**पोखरापत्र संवाददाता**
दमौली, ६ मंसिर

लायन्स क्लब नेपाल इन्टरनेसनल ३२५ एलले तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा डायलासिस सेन्टर स्थापना गर्ने भएको छ ।

जिल्लामा दमौली अस्पतालमा मात्रै डायलासिस सेन्टर रहेको र मिर्गौला पीडितलाई सास्ती भइरहेकाले क्लबले अस्पतालमा डायलासिस सेन्टर स्थापनको प्रक्रिया अगाडी बढाएको हो । लायन्सका गभर्नर परमेश्वर बराल, चिफ अफ एओजी अमृत बराल, कोचिफ एडभाइजर बाबुराम अधिकारीलगायतको बैठकले केन्द्रमा डायलासिस सेन्टर स्थापनाका लागि छलफल गरेको जनाइएको छ ।

मिर्गौला पीडित बिरामीको लागि आवश्यक उपचार गर्न अस्पतालमा छ थान मेसिन राख्ने तयारी गरिएको क्लवका डिष्ट्रिक क्याबिनेट सेक्रेटरी सुजित हिराचनले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यो भेगमा डायलासिस सेवा अति आवश्यक भइसकेको छ । यहाँका बिरामीलाई दमौली, पोखरा जानुपर्ने बाध्यता छ। यही डायलासिस सेन्टर स्थापना गर्न सकिए उहाँहरुलाई सहज हुन्छ ।"

हाल सदरमुकामस्थित दमौली अस्पतालमा मात्रै डायलासिस सेन्टर छ । यहाँ ११ वटा उपकरणमार्फत बिरामीले सेवा लिँदै आएका छन् । केन्द्रमा हाल डायलासिस सेवा लिने कूल सङ्ख्या ५० भन्दा बढी छन् । तनहुँका विभिन्न ठाउँका मिर्गौला पीडितले मिर्गौला उपचार केन्द्रमा डायलासिसका लागि नाम टिपाएर पालो पर्खिरहेका छन् ।

# समयमै भुक्तानी नहुँदा अस्पताल निर्माणमा समस्या

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ मंसिर

बागलुङको ढोरपाटन नगरपालिकामा १५ शय्याको अस्पताल बन्न थालेको १५ महिना भइसकेको छ । यस अवधिमा ४० प्रतिशत मात्रै काम भएको छ । अस्पताल निर्माण तीव्र रुपमा गरे पनि समयमै भुक्तानी नहुँदा समस्या परेको निर्माण कम्पनीले गुनासो गरेको छ ।

कामदार लगाउँदा र निर्माण सामग्री खरिद गर्दा करोडौं खर्च भइसकेको निर्माण कम्पनीका प्रमुख दीपक अदैले बताउनुभयो । भदौमैनगरपालिकालाई रूछकरोड ६१ लाखको बिल बुझाए पनि अहिलेसम्म रकम नआउँदा काम गर्न समस्या भइरहेको उहाँको भनाइ थियो । विसं २०८२ असार २३ सम्ममा सकिसक्नुपर्ने अस्पतालको निर्माण करिब आधा सकिँदा पनि काम अनुसारको भुक्तानी नभएको अदैले गुनासो गर्नुभयो । उहाँका अनुसार अस्पताल निर्माणका लागि रू १२ करोड ९६ लाखमा सम्झौता भएको थियो । काम गर्नुभन्दा पहिले सुरुमा पेस्कीस्वरुप रू दुई करोड ४६ लाख लिएको बताउँदै उहाँले भौगोलिक हिसाबले ढोरपाटन टाढा हुनुका साथै सडक साँघुरो हुँदा ढुवानीमा बढी खर्च भएको जानकारी दिनुभयो ।

अहिले काम निरन्तर भइरहेको भन्दै प्रमुख अदैले कामदारलाई पारिश्रमिक दिन समस्या भइरहेको बताउनुभयो । "भदौ दोस्रो सात नै नगरपालिकामा लगेर बिल बुझाएको थिएँ । अहिलेसम्म भुक्तानी पाउन सकेका छैनौं । यो योजना केन्द्र सरकारको भएकाले माथिबाट बजेट नगरपालिकामा आउने र पालिकाले हामीलाई उपलब्ध गराउने हो । हामीले जानकारी गराएका छौं तर भुक्तानी भएको छैन", उहाँले भन्नुभयो, "अझै केही दिन भुक्तानी भएन भने काम रोकिने स्थिति आउँछ । अहिलेसम्म ससापट गरेर काम गराइखेका छौं ।" ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले स्वास्थ्य मन्त्रालयबाट बजेट नआउँदा भुक्तानी गराउन नसकेको बताउनुभयो । निर्माण कम्पनीले बारम्बार रकम माग गरे पनि आफूले केन्द्रमा बजेट पठाउन आग्रह गरेको उहाँले बताउनुभयो । भुक्तानी छिट्टै व्यवस्थापन गर्ने गरी निर्माण कम्पनीलाई निरन्तर काम गर्न अनुरोध गरिएको उपप्रमुख कायतले बताउनुभयो । "भुक्तानी नहुँदा काम गर्न समस्या भयो भनेर निर्माण कम्पनीले बारम्बार गुनासो गरिरहेको छ। अस्पताल निर्माणको भुक्तानी स्वास्थ्य मन्त्रालयबाट आउने हो तर अहिलेसम्म आएको छैन", उहाँले भन्नुभयो, "नगरपालिकाले यहाँबाट भुक्तानी गर्न मिल्दैन । मन्त्रालयबाट बजेट पठाउनका लागि हामीले आग्रह गरेका छौं । आउने वित्तिकै उहाँहरुलाई भुक्तान गर्छौं ।"

यसअघि यहाँ अहिलेसम्म कुनै पनि अस्पताल बन्न सकेको थिएन । नगरपालिकाले सहरी सामुदायिक स्वास्थ्य इकाई सञ्चालनमा ल्याएर सेवा प्रवाह गरिरहेको छ। बुर्तिबाङ बजारदेखि ३२ किलोमिटरको दूरीमा रहेको ढोरपाटनमा बाहिरबाट आउने पर्यटक बिरामी हुँदा उपचारमा समस्या हुने गरेको छ। उच्च स्थानमा भएकाले पर्यटकलाई लेक लाग्ने समस्या बढी हुने गरेको स्थानीय बताउँछन् ।

ढोरपाटन-६, ७, ८ र ९ मा करिब पाँच हजार बढी स्थानीय यहाँ बसोबास गर्दै आएका छन् । अस्पताल निर्माणपछि ढोरपाटनसँगै निसेलढोर र पूर्वी रुकुमको तकसेरा, हुकाम मैकोट, म्याग्दीको जलजलाका नागरिकलाई उपचारमा सहज हुने अपेक्षा लिइएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | सम्मान मिल्नेछ | तुला | शत्रुको भय |
| वृष | आर्थिक समस्या | वृश्चिक | झमेला बढ्ने |
| मिथुन | मानसिक तनाव | धनु | कार्यमा सफलता |
| कर्कट | शारीरिक झमेला | मकर | मन चञ्चल |
| सिंह | व्यापारमा लाभ | कुम्भ | सहयोग मिल्नेछ |
| कन्या | अप्रत्यसित लाभ | मीन | सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# पुरानै लयतिर पर्यटन

रामबहादुर थापा
गण्डकी, ६ मंसिर /रासस



"यो यामको पर्यटक आगमनले हामी सन्तुष्ट छौं, पर्यटन क्षेत्र पुनःउत्थान भइरहेको छ", पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले भन्नुभयो, "पर्यटन प्रवर्द्धनलाई यसरी नै निरन्तरता दिनसके छिट्टै कोभिडअघिकै स्थितिमा हामी पुग्छौं ।" कोभिड-१९ महामारीताका थलिएको पर्यटन व्यवसाय अहिलको आर्थिक मन्दीबीच पनि चलायमान देखिएकामा उहाँले खुसी व्यक्त गर्नुभयो ।

अध्यक्ष श्रेष्ठले भन्नुभयो, "पोखरामा आन्तरिक तथा बाह्य पर्यटकको आवागमन राम्रो छ, सबै पक्ष डटेर लागे पोखराको पर्यटन विकास र प्रवर्द्धनलाई अझ नयाँ उचाइ दिन सकिन्छ ।" यस वर्ष पोखरा घुम्न आउने आन्तरिक पर्यटकको सङ्ख्यामा पनि उल्लेख्य वृद्धि भएको अध्यक्ष श्रेष्ठले बताउनुभयो । पोखरा र आसपासका गन्तव्यमा अघिल्ला वर्षको तुलनामा पर्यटकीय चहलपहल बढेकामा पर्यटनसम्बद्ध संस्थाका पदाधिकारी र पर्यटन व्यवसायी उत्साहित छन् ।

होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले दसैँयता पर्यटकको आवागमन ह्वात्तै बढेको बताउनुभयो । "चाडबाडका बेला लामो बिदा परेकाले पनि ठूलो सङ्ख्यामा आन्तरिक पर्यटक पोखरा भित्रिए, पदयात्रा गर्ने मुख्य याम पनि यही भएकाले विदेशी पर्यटकको आगमन पनि राम्रो छ", उहाँले भन्नुभयो, "यो अवधिमा होटलमा चाप औसतमा ६० प्रतिशतसम्म रह्यो, कुनै दिन त ७० प्रतिशतसम्म पुग्यो, अहिले पोखराको पर्यटन व्यवसाय समग्रमा सन्तोषजनक अवस्थामा छ ।" पर्यटन बजारले यही गति लिइरहे कोभिड-१९ अघिको स्थितिमा पुग्न धेरै समय नलाग्ने अध्यक्ष सुवेदीले बताउनुभयो । उहाँले पर्यटन क्षेत्रलाई पूर्ववत् अवस्थामा फर्काउन राज्यका निकाय, पर्यटनसम्बद्ध सङ्घसंस्था, पर्यटन व्यवसायीलगायतले सामूहिक पहल लिनुपर्ने उल्लेख गर्नुभयो । "पर्यटन प्रवर्द्धनमा नयाँ रणनीति बनाएर अघि बढ्नुपर्छ", उहाँले भन्नुभयो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) का प्रमुख डा रबिन कडरियाले कोभिड-१९ को प्रभावले सुस्ताएको पर्यटनले पुरानै लय पछ्याइरहेको बताउनुभयो । "दोस्रो पर्यटकीय याम सुरु हुँदासम्ममा यो वर्ष पर्यटक आगमन अझ बढ्ने देखिन्छ", उहाँले भन्नुभयो, "यस क्षेत्रको पर्यटन पुनःउत्थानको दिशामा अगाडि बढेको छ, पर्यटन व्यवसायी पनि उत्साहित देखिन्छन् ।"

पदयात्राका लागि विश्वमै परिचित अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या यस वर्ष बढेको प्रमुख डा कडरियाले बताउनुभयो । उहाँका अनुसार कोभिड-१९ महामारीयता आर्थिक वर्ष २०७८/७९ देखि अन्नपूर्ण क्षेत्रमा पुनः पर्यटक आगमन बढ्न थालेको छ । सो आवमा ७५ हजार आठ सय २४ पर्यटक त्यस क्षेत्रमा पुगेकामा आव २०७९/८० मा एक लाख ७२ हजार एक सय आठ पर्यटकले अन्नपूर्ण संरक्षण क्षेत्रको भ्रमण गरेको प्रमुख डा कडरियाले जानकारी दिनुभयो ।

'एक्याप'को तथ्याङ्कानुसार चालु आवको साउनदेखि कात्तिकसम्ममा ६७ हजार चार सय ३५ पर्यटक अन्नपूर्ण संरक्षण क्षेत्रमा भित्रिएका छन् । असोजमा सबैभन्दा बढी २८ हजार सात सय पाँच, कात्तिकमा २४ हजार चार सय नौ, भदौमा आठ हजार नौ सय २० र साउनमा पाँच हजार चार सय एक पर्यटकले 'एक्याप'को भ्रमण गरेका हुन् । कोभिड-१९ महामारी सुरु हुनुअघि आव २०७५/७६ मा एक लाख ८३ हजार तीन सय ५८ पर्यटकले अन्नपूर्ण संरक्षण क्षेत्रको भ्रमण गरेका थिए । उक्त महामारी सुरु भएयता आव २०७६/७७ मा एक लाख चार हजार एक सय ६५ र आव २०७७/७८ मा जम्मा चार हजार नौ सय ६१ पर्यटक अन्नपूर्ण संरक्षण क्षेत्रमा भित्रिएका थिए । 'एक्याप'ले पदयात्रामा जाने दक्षिण एसियाली मुलुक र अन्य देशका पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ । सडक मार्ग भएर अन्नपूर्ण संरक्षण क्षेत्रमा घुम्न जाने आन्तरिक पर्यटकको सङ्ख्या भने यकिन गर्न नसकिने आयोजना प्रमुख डा कडरियाले बताउनुभयो ।

'एक्याप'भित्र पर्ने अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, म्याग्दीको घोडेपानीलगायत अन्नपूर्ण फेरोमा पर्ने गन्तव्यस्थल आन्तरिक तथा बाह्य पर्यटकमा रोजाइमा पर्ने गर्छन् । पोखरा आउने विदेशी पर्यटकमध्ये झण्डै ५० प्रतिशत पर्यटक अन्नपूर्ण संरक्षण क्षेत्रको पदयात्रामा जाने गरेको 'एक्याप'ले जनाएको छ । यस्तै नेपाल भित्रने विदेशी पर्यटकमध्ये झण्डै आधा पर्यटक पोखरा आउने गरेको बताइन्छ । पोखरामा पर्यटक आगागमनको औपचारिक तथ्याङ्क कुनै निकायसँग पनि छैन । आन्तरिक पर्यटनको पनि ठूलो हिस्सा पोखराले ओगट्छ ।

कास्कीको घान्द्रुक, धम्पुस, सिक्लेस, ल्वाङ गाउँलगायत ग्रामीण पर्यटनका चर्चित गन्तव्यमा पनि यो याममा पर्यटकको आवागमन बाक्लिएको छ । दसैँ र तिहारको लामो बिदामा आन्तरिक पर्यटकको घुइँचो लागेको घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले बताउनुभयो । अहिलेको मुख्य पर्यटकीय याममा दैनिक एक हजार पाँच सयदेखि एक हजार सात सय सयसम्म पर्यटक घान्द्रुक भित्रिएको उहाँको भनाइ छ ।

"घान्द्रुक आउनेमा आन्तरिक पर्यटक नै बढी छन्", अध्यक्ष गुरुङले भन्नुभयो, "घान्द्रुक हुँदै अन्नपूर्ण आधार शिविर, घोडेपानीलगायत ठाउँको पदयात्रामा जाने बाह्य पर्यटकको सङ्ख्या पनि उल्लेख्य छ ।" यस यामको पर्यटक आवामगनले पर्यटन व्यवसायी उत्साहित भएको उहाँले बताउनुभयो ।

अध्यक्ष गुरुङका अनुसार घान्द्रुकमा रिसोर्टसहित ५४ होटल र १८ घरबास (होमस्टे) छन् । रैथाने संस्कृति, खानपान र पारिवारिक वातावरण रुचाउने पर्यटकको रोजाइमा घरबास पर्ने गरेको छ । "सेवा र गुणस्तरअनुसार पाहुनाका लागि घरबासको छुट्टाछुट्टै प्याकेज छ", उहाँले भन्नुभयो ।

# बागलुङमै परीक्षण र उपचारपछि क्षयरोगीलाई सहज

पोखरापत्र संवाददाता
बागलुङ, ६ मंसिर

बागलुङमा क्षयरोगको पहिलो र दोस्रो चरणको जाँच गर्ने आधुनिक उपकरण सञ्चालनमा आएपछि क्षयरोगीलाई सहज भएको छ । परीक्षण गर्न नयाँ उपकरणको व्यवस्था गरिएको छ ।

धवलागिरि अस्पतालमा रहेको क्षयरोग उपचार केन्द्रमा यसअघि क्षयरोग छ/छैन मात्रै पत्ता लगाउने उपकरण थियो । राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र भक्तपुरले नयाँ उपकरण भित्र्याएको हो । उक्त उपकरण हाल धवलागिरि अस्पतालसहित देशभरका छवटा क्षयरोग उपचार केन्द्रमा मात्र छन् । रु ४० लाख लागतको उपकरण धवलागिरि अस्पतालमा मङ्गलबारदेखि परीक्षणका लागि जडान गरिएको राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र भक्तपुरका प्रयोगशाला निरीक्षक ईश्वरीप्रसाद भुसालले जानकारी दिनुभयो । अस्पतालमा सात वर्षदेखि क्षयरोग उपचार केन्द्र रहे पनि औषधि चलाउनका लागि दोस्रो चरणको परीक्षणका लागि खकार काठमाडौं पठाउनुपर्ने बाध्यता थियो । अब बागलुङमा क्षयरोगको पहिलो लाइन र दोस्रो लाइनको परीक्षणसहित उपचार गरिने भएपछि बागलुङसहित छिमेकी जिल्लाका क्षयरोगीलाई सहज हुने प्रयोगशाला निरीक्षक भुसालको भनाइ छ ।

## धितोमा रहेको जग्गा डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८०/०८/०७, पोखरापत्र राष्ट्रिय दैनिक**

यस संस्थाको कार्यालय पोखरा- ५ प्रस्याङबाट व्यक्तिगत कर्जा लिनु भएका तपशिलका ऋणी सदस्यले उपभोग कर्जाको साँवा तथा व्याज समेत नतिरी नबुझाई लिखित बमोजिम कर्जा सम्बन्धी शर्त उल्लङ्घन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत तिर्नु पर्ने कर्जाको रकम चुक्ता गर्ने तर्फ कुनै चासो पहल नगर्ने भएकोले तपशिल बमोजिमको ऋणीलाई कर्जा चुक्ता गर्न आउनको लागि पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा २०८०/०३/१८ गते कर्जा चुक्ता गर्ने २१ (एकाईस) दिने र मिति २०८०/०६/०८ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने ७ (सात) दिने धितो लिलामीको सूचना प्रकाशित गर्दा समेत ऋणीले कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन ऋणी, धन जमानी दिनुहुने व्यक्तिलाई यो सार्वजनिक सूचना जारी गरिएको छ । उल्लेखित ३५ दिन भित्र कर्जा चुक्ता नगरेमा संस्थालाई लेखिदिएको धितो चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रचलित सहकारी मापदण्ड तथा संस्थाको विनियम समेतले लिएको अधिकार प्रयोग गरी सूचना प्रकाशित भएको मितिले ३६ औं दिन धितो जग्गा लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैमा जानकारीका लागि यो जरुरी सूचना प्रकाशन गरिएको छ । तपसिलमा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा धितो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुर उपर नभई बाँकी रहेमा ऋणी लगायत कर्जाको व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पत्तिबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ ।

**तपसील**

| ऋणी विवरण | धितो विवरण |
|---|---|
| ऋणीको नामः महालक्ष्मी घिमिरे<br>स्थायी ठेगानाः भानु -९, तनहुँ<br>नागरिकता नं.: ६४५<br>हालको ठेगानाः<br>पोखरा महानगरपालिका वडा नं. २७<br>लेखनाथ, कास्की<br>बाबुको नामः शशिघर घिमिरे<br>हजुरबुबाको नामः विष्णु प्रसाद पौडेल<br> | धितोको विवरणः कास्की जिल्ला अर्घो-२, कित्ता नं. ४४३२, क्षेत्रफलः ०-३-३-० क्षेत्रफलः ११९.२४ वर्ग मिटर |

**धितो लिलाम सम्बन्धी शर्तहरु :**

१. संस्थाको तर्फबाट धितो लिलाम बिक्रीको सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र ऋणी वा जमानीबाट सम्पूर्ण कर्जा चुक्ता हुन नसकेमा ३६ औं दिन दिनको १:०० बजेदेखि यस संस्थाको कार्यालय पोखरा-५, कास्कीमा लिलाम डाँक बढाबढ सम्बन्धी कार्यक्रम हुनेछ । उक्त दिन बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तीमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनुपर्नेछ ।
३. धितो डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तीमा १० (दश) प्रतिशतले हुने नगद रकम धरौटी बापत त्यसै दिन संस्थामा जम्मा गर्नुपर्नेछ ।
४. लिलाम सकार गर्न व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनुपर्नेछ । बुझाउनुपर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको धरौटी रकम स्वतः जफत हुनेछ । लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन ।
५. डाँक बढाबढको सुरुवात अंक चल अचल सम्पत्तिको न्यूनतम मूल्याङ्कनबाट सुरुवात गरिनेछ ।
६. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ऋणीले संस्थालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
७. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजस्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजस्व कर, दस्तुर एवं अन्य भैपरी खर्च धितो जग्गा स्विकार गर्ने बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८. धितो सम्पत्ति लिलाम बढाबढमा कसैले नसकारेमा संस्था आफैले सकार गर्न सक्नेछ ।
९. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयंको ज्येथाले व्यहोर्नु पर्नेछ । डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार यसै संस्थामा सुरक्षित रहनेछ ।
१०. अन्य थप जानकारीका लागि संस्थाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**बगैंचा बचत तथा ऋण सहकारी संस्था लि.**
**Bagaincha saving & credit co-operative ltd.**
पोखरा-५, कास्की, नेपाल
फोन नं.: ०६१-४१९१२४, ४१९१८०

# उपल्लो मुस्ताङलाई निषेधित क्षेत्रबाट हटाउन माग

रासस
म्याग्दी, ६ मंसिर

मुस्ताङको तीनवटा स्थानीय तहले आफ्नो भूगोललाई निषेधित क्षेत्रबाट हटाउन माग गरेका छन् । लोमान्थाङ, लोघेकर दामोदरकुण्डको सबै र वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ लाई सरकारले निषेधित क्षेत्र तोकेको छ ।

निषेधित क्षेत्रमा बढी शुल्क तिर्नुपर्ने हुँदा पर्यटक आगमन बढ्न नसक्दा स्थानीयको जनजिवन तथा आर्थिक गतिविधि प्रभावित भएकाले निषेधित क्षेत्र हटाउन माग गरिएको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसी नर्वु गुरुङले बताउनुभयो । "उपल्लो मुस्ताङलाई निषेधित क्षेत्र कायम राख्न पर्यटक आगमनमा कमी भई यहाँको पर्यटन व्यवसाय प्रभावित भएको छ," उहाँले भन्नुभयो, "शुल्कसमेत अत्याधिक बढी भएकाले उक्त निषेधित क्षेत्रलाई हटाउन माग गरेका हौं ।" प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', गृहमन्त्री नारायणकाजी श्रेष्ठ, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र वन तथा वातावरणमन्त्री डा वीरेन्द्रकुमार महतोसँग तीन स्थानीय तहका अध्यक्षले निषेधित क्षेत्र हटाउनका लागि स्थानीयवासी, होटल व्यवसायी र गाउँपालिकाको निर्णयसहितको निवेदन बुझाएको अध्यक्ष गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार गत असोज र कात्तिकमा उहाँहरु मुस्ताङ आएका समयमा ज्ञापनपत्र बुझाइएको हो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)मा समेटिएको उपल्लो मुस्ताङ भ्रमण गर्न विदेशी पर्यटकले दश दिनका लागि पाँच सय अमेरिकी डलर शुल्क तिर्नुपर्छ । दश दिनभन्दा बढी भ्रमण गर्न प्रतिदिन रू ५० का दरले शुल्क तिर्नुपर्ने नियम छ । मुस्ताङका साथै मनाङ र गोरखाका केही भूगोललाई सरकारले निषेधित क्षेत्र घोषणा गरेको छ । निषेधित क्षेत्र कायम गरेका कारण विदेशीहरु सजिलै छिर्न नपाउने र स्थानीयको आर्थिक उपार्जनमा समस्या भएको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन गुरुङले बताउनुभयो । आर्थिक वर्ष २०७९/८० मा मुस्ताङमा ७१ हजार सात सय सातजना विदेशी पर्यटक आएकामा अर्ध निषेधित क्षेत्रका रुपमा रहेको उपल्लो मुस्ताङमा तीन हजार तीन सय ८८ पर्यटकले भ्रमण गरेका अन्नपूर्ण संरक्षण क्षेत्र व्यवस्थापन आयोजनाले जनाएको छ ।

सन् २०२३ को नौ महिनाको अवधिमा पनि उपल्लो मुस्ताङ भ्रमण गर्ने पर्यटकको स॰्या तीन हजारभन्दा बढी रहेको एक्याप जोमसोमले जनाएको छ । चीनको स्वशासित क्षेत्र तिब्बतको सीमा क्षेत्रमा रहेको उपल्लो मुस्ताङलाई सरकारले अर्ध निषेधित क्षेत्र घोषणा गरेको छ । सरकारले सन् १९९२ मा उपल्लो मुस्ताङमा पर्यटकलाई भ्रमणका लागि खुल्ला गरेको थियो । सबै वर्ग र आर्थिक हैसियतका पर्यटकका लागि अनुकूल हुने किसिमको शुल्क निर्धारण र प्रक्रिया बनाउन आवश्यक रहेको गण्डकी प्रदेशसभा सदस्य विकल शेरचनले बताउनुभयो । कलात्मक पहाड, उजाड मरुभूमिजस्तै भूगोल, माटोले बनाइएका घर, हिमाली जीवनशैली, पुरानो तिब्बती संस्कृति, ऐतिहासिक महत्वका दरबार, गुम्बा, छोर्तेन, कोरला नाका उपल्लो मुस्ताङका आकर्षण हुन् ।

## एउटै व्यक्ति भएको सूचना



बागलुङ जिल्ला जैमिनी नगरपालिका वडा नं. १० निवासी भारतीय भू.पू.नं. जे सी ६०२३९० सेइक बहादुर पुनको श्रीमतीको नागरिकताको प्रमाणपत्रमा नाम सतिकला पुन जन्ममिति वि.सं. २०२२/०४/२९ भएको र भारतीय डकुमेन्टमा नाम सशिकला पुन जन्ममिति सन् १९६३/०४/१५ भएतापनि व्यक्ति एउटै भएको भनी जैमिनी नगरपालिका १० नं. वडा कार्यालयको च.नं. ५१३ मिति २०७५/०१/२१ को पत्रबाट लेखि आएकोले सोही व्यहोरा प्रमाणित गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय बागलुङ**